हरिबहादुर थापा। २०७४। *रजगज : दल, दरबार, अदालत र अख्तियार भित्रको भ्रष्टाचार*।
काठमाडौँ : फाइन प्रिन्ट बुक्स।

केही दशकयता हाम्रो मुलुकका सञ्चार माध्यममा भ्रष्टाचार सम्बन्धी विषय बढी नै चर्चा परिचर्चाको केन्द्रमा रहने गरेको छ। अन्य मुलुकमा कुनै व्यक्ति भ्रष्टाचारीका रूपमा आरोपित भयो वा वा सजाय भोग्यो भने उसको राजनीतिक वा पेशागत जीवन प्राय: समाप्त हुन्छ। हाम्रो देशमा भने भ्रष्टाचारको आरोप खेपेकाहरूको त के कुरा, भ्रष्टाचारी भनेर प्रमाणित भएका मध्ये पनि सीमितले मात्र सजाय भोगेका छन्। यीमध्ये अधिकांशलाई समाजमा शीर ठाडो पारेर हिँडडुल गर्ने सुविधा हुन्छ। यदि भ्रष्टमध्ये कसैको नामका अगाडि "प्रभावशाली नेता" विश्लेषण जोडिएको रहेछ भने त्यस्ता व्यक्तिले राष्ट्रलाई दुरगामी असर पर्ने संवेदनशील निर्णय गर्ने औपचारिक जिम्मेवारी समेत पाउने गरेका छन्। यसै सन्दर्भमा हरिबहादुर थापाद्वारा लिखित पुस्तक *रजगज* एक सत्यकथा संग्रह हो।

थापा तथ्यमा आधारित विश्लेषणात्मक लेख प्रस्तुत गरेर स्थापित भएका लेखक हुन्। उनले राजनीतिक अस्थिरता र भ्रष्टाचारकै कारणले नै राष्ट्रले विकास गर्न नसकेको निष्कर्ष

यस पुस्तकमा निकालेका छन् । दुई दशकभन्दा लामो अवधिदेखि राजनीति र सुशासन विषयमा अध्ययन, अनुसन्धान गर्दैआएका पत्रकार थापाले (कु)शासनलाई केन्द्र बिन्दुमा राखेर थुप्रै लेख तथा आधा दर्जनभन्दा बढी पुस्तकहरू लेखिसकेका छन् । समाजमा झाँगिदै गएको भ्रष्टाचार विषयमा केन्द्रित उनको यो तेस्रो कृति हो । लेखक थापाले *रजगज*को "मेरो अपेक्षा" परिच्छेदमा उल्लेख गरेका छन्, "भ्रष्टाचार र शासकीय अनुचित कर्म केलाउँदै यो पुस्तक प्रस्तुत गर्दैछु । यसमा अघिल्ला पुस्तकहरूमा समावेश भएका भ्रष्टाचारका सन्दर्भ-प्रकरणहरू सामेल छैनन् ।" त्यसकारण पुस्तकमा नौला सामग्री र विश्लेषण प्रस्तुत छन् ।

देशमा भ्रष्टाचार विकराल बन्नाका कारण सुक्ष्म रूपमा लेखकले केलाएका छन् । सुशासनको जिम्मेवारी पाएका निकायहरू आफै भ्रष्ट भैदिएकाले भ्रष्टाचार क्यान्सर जसरी झाँगिदै गएको हो । जिम्मेवार संस्थाहरू—राजनीतिक दल, दरबार, अदालत र अख्तियार आदिले भ्रष्टाचार नियन्त्रणको नाममा विभिन्न कालखण्डमा के-कस्ता कार्यहरू गरे वा गराए, पुस्तकमा तिनको विवरण प्रस्तुत छ । पुस्तक निम्न शीर्षकमा नौ खण्डमा बाँडिएको छ; १) दरबारीया दाउ, २) जाँचबुझको कर्मकाण्ड, ३) पञ्चायतकालीन काण्ड, ४) भ्रष्टाचारको मुहान, ५) भ्रष्टाचारी मन्त्रीहरू, ६) अर्थलोलुप कर्मचारीतन्त्र, ७) बदनियतको शृंखला, ८) समानान्तर सत्ता, र ९) फितलो कार्यान्वयन । राष्ट्रमा भ्रष्टाचार कसरी संस्थागत हुँदैछ; भ्रष्टाचारको सञ्जाल कसरी फैलँदै गएको छ; जस्ता विषयको विस्तृत विवरण उल्लिखित शीर्षक अन्तर्गत प्रस्तुत गरिएको छ । लेखकले पुस्तकमा आफूले निकालेका निष्कर्षको पुष्टि त्यस सम्बन्धी उदाहरणबाट गरेका छन् ।

राणा शासन कालमा राष्ट्रिय ढुकुटी राणाहरूकै स्वामित्वमा रहने भएकोले उनीहरू सत्तासीन हुञ्जेल राष्ट्रिय ढुकुटीमा तिनैले रजगज मात्र गरेनन्, लगानीका नाममा नेपाली पूँजी विदेश लैजाने काम समेत गरेका थिए । राणाहरू सत्ताच्यूत हुँदा पनि उनीहरूले ठूलो परिमाणमा राष्ट्रको धन विदेश निर्यात गरेको विषय लेखकले संक्षेपमा उठाएका छन् । भारतीय स्रोतलाई उद्धृत गर्दै भारतीय उद्योग र व्यवसायमा राणा परिवारको लगानीबारे पुस्तकमा उल्लेख छ । देहारादुन, नैनीताल, बेंगलोर, मैसुरजस्ता स्थानमा निर्वासनमा गएका पूर्व राणा प्रधानमन्त्रीले निर्माण गरेका दरबार तथा विलासी जीवनको छोटो वर्णन छ । यद्यपि, के-कति मात्रामा सम्पत्ति विदेश पुऱ्याइए त्यसको लेखाजोखा गर्न नसकिने लेखकको जिकिर छ । किनकि त्यस कालखण्डमा पलायन पूँजीको मूल्यांकन गर्ने संयन्त्र/परिपाटीहरू देशमा थिएन । त्यसै गरी भ्रष्टाचार निर्मूलको नारा दिँदै देशमा सर्वसत्तावाद लादेका शाह शासकबारे लेखकले चर्चा गरेका छन् । राजा महेन्द्रका भाइ तथा बुहारीहरूको व्यापारिक लगानीको उदाहरण दिँदै उनीहरू भ्रष्टाचारमा कति लिप्त थिए भन्ने चर्चा पुस्तकमा छ । होटल सोल्टी, डे ला अन्नपूर्ण, फिश्टेल लज, आदिको लगानीबारे लेखकले खोतलेका छन् । त्यसै गरी, तत्कालीन राजा वीरेन्द्रकालीन नेपालमा तिनका भाइ र तत्कालीन रानीद्वारा गरिएका निजी व्यापार

प्रबन्ध तथा पूँजी संकलनका केही प्रतिनिधिमूलक उदाहरण पुस्तकमा छन् । तत्कालीन रानी ऐश्वर्यले नेपाल आयल निगमबाट वर्षैपिच्छे मोटो रकम दोहन गर्ने गरेको लेखकले उदाहरण दिएका छन् । ऐश्वर्यकै निर्देशनमा भएको अर्ब डलर काण्ड एउटा उदाहरण हो । स्वीस बैंकमा नेपाली महिला पम्फादेवी ठकुरीको नाममा भएको अर्बौं सम्पत्तिको मालिक ऐश्वर्य नै हुनसक्ने सम्भावना लेखकले प्रस्तुत गरेका छन् । त्यस्ता उदाहरणले विभिन्न कालखण्डमा राजाले मुलुकमा गरेका सुशासनका घोषणाहरू कति देखावटी वा सतही हुन्थे भन्ने प्रस्ट्याउँछ । पूर्व राजाहरू विशेष गरी ज्ञानेन्द्रका अनियमितता तथा तिनले आफू र आफ्ना संततिका निमित्त राष्ट्रिय पूँजीको दुरुपयोग गरेका विस्तृत विवरण लेखकले दिएका छन् ।

राजा ज्ञानेन्द्र ढोँगी थिए । आफ्नो भन्नु केही नभएकोले सबै सम्पत्ति जनता कै हो भन्ने ज्ञानेन्द्रको शासन कालमा दरबारको खर्च वर्षैपिच्छे आकाशिँदै गएको थियो । राज्य स्रोतमा महँगा गाडीहरू खरिद गर्न लगाएर आफ्नो विलासी सौख पूरा गर्न ज्ञानेन्द्रले कुनै कसर बाँकी राखेनन् । तिनले राष्ट्रिय ढुकुटीबाट करोडौँ खर्चेर आफ्नी छोरीको विवाह गराए । कुनै तुक नभएको अफ्रिका भ्रमण गरी राज्यको करोडौँ रकम स्वाहा पारे । ज्ञानेन्द्र अधिराजकुमार हुँदा पनि आफ्नो व्यापार प्रवर्धनका निमित्त सरकारलाई कसरी प्रयोग गर्थे भन्ने उदाहरण लेखकले दिएका छन् । जहाज खरिद प्रकरणलाई वृत्तान्तको रूपमा उनले पुस्तकमा प्रस्तुत गरेका छन् । अन्नपूर्ण होटेलकी मालिक आफ्नी कान्छी काकीलाई प्रावधान नै नभएको सरकारी कोषबाट ज्ञानेन्द्रले औषधि उपचारको नाममा डेढ करोड रुपैयाँ उपलब्ध गराएको उदाहरण पनि छ । त्यसै गरी, छोरी ज्वाइँलाई करमुक्ति दिँदै टेलिफोन कम्पनी सञ्चालन गर्न दिएको सुविधाको चर्चा लेखकले एनसेलको कर प्रकरणको उल्लेखका क्रममा गरेका छन् ।

भ्रष्टाचार निर्मूलको नारा र त्यसका लागि भन्दै राजदरबारले निर्माण गरेका संयन्त्रहरू केवल राजनीतिक प्रतिशोधमा कसरी सीमित तुल्याउँथ्यो, त्यस सम्बन्धी उदाहरण पनि पुस्तकमा छन् । आफैले प्रधानमन्त्री नियुक्त गरेका व्यक्तिलाई समेत काबूमा राख्न र तिनका प्रतिद्वन्द्वीलाई सचेत तुल्याउन भ्रष्टाचार सम्बन्धी निकाय कसरी हतियारको रूपमा प्रयोग हुन्थ्यो भन्नेबारे पुस्तकमा चर्चा छ । दरबारभक्त कहलिएका प्रधानमन्त्री कीर्तिनिधि विष्टलाई खाद्य काण्डमा मुछेको र डाक्टर तुलसी गिरीलाई कार्पेट काण्डमा फँसाएको दृष्टान्त लेखकले दिएका छन् । वि.सं. २०६३ अघिको आफ्नो प्रत्यक्ष शासन कालमा त्यस बेलाका सकृय राजनीतिक व्यक्तिलाई बदनाम गर्न दरबारले भ्रष्टाचारको औजार कसरी प्रयोग गऱ्यो भन्नेबारे पनि पुस्तकमा वर्णन छ ।

प्रजातन्त्रको स्थापनादेखि नै भ्रष्टाचारले राजनीतिक वातावरणमा निरन्तर महत्त्व पाइरहनुलाई लेखकले विडम्बना भनेका छन् । पञ्चायत, प्रजातन्त्रको पुनर्स्थापना, अनि लोकतन्त्रका परिवर्तनकारी शक्तिभित्र रहेका भ्रष्टाचारीलाई कठघरामा उभ्याउने, तिनले लुटेको राष्ट्रिय धन फिर्ता गर्ने बाचा तथा संकल्प कहिले पनि कार्यान्वयनमा आउन

सकेनन् । त्यस्ता संकल्पलाई सत्तामा पुगेकाले आफ्ना विरोधीलाई तर्साउने र जनमानसलाई झुक्याउने खेलमा सीमित तुल्याए । विभिन्न कालखण्डमा गठित छानबिन आयोग (मल्लिक, लम्साल, रायामाझी, आदि) तथा सम्झौता (माओवादीसँग गरिएको सम्झौता) ले तयार पारेका प्रतिवेदन कपडाका पोकामा शिलबन्दी हुन पुगे, तर जनमानसमा आउन पाएनन् ।

राजनीतिक दल र तिनका नेताले भ्रष्टाचारलाई कसरी प्रश्रय दिँदैआएका छन्, तिनलाई विस्तृत रूपमा समेटिएको छ । सरकारी अनुदान पाउन निस्कलंक नेताले पनि हात फैलाएका विवरण पुस्तकमा छन् । प्रजातान्त्रिक प्रणालीलाई न्यायिक शासन विधि भनेर परिभाषित गर्ने परिपाटीलाई कसरी तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसादले खिल्ली उडाए त्यसको दृष्टान्त "धमिजा काण्ड" र "लाउडा काण्ड" मा गरिएका न्यायिक छानविन कार्यविधिलाई दिएको चुनौतीबाट प्रस्टिन्छ । गिरिजाप्रसादले सर्वोच्च अदालतको आदेशको अवहेलना, भ्रष्टाचारको अभियोगलाई सस्तो राजनीतीकरण गर्ने दुष्प्रयास गर्दा पनि सुटुक्क अख्तियारले तिनलाई दिएको सफाइ जस्ता विषयले राजनीतिक नेतृत्वको भ्रष्टाचारमा संलग्नता साथै देशमा भएको दण्डहीनता उजागर गरेको छ । आफूले खेपेको भ्रष्टाचारको आरोपबाट मुक्ति पाउन नेता गिरिजाप्रसाद कोइरालालाई मात्र होइन समस्त नेपाली काँग्रेस पार्टीलाई तानेर गोविन्दराज जोशीले उन्मुक्ति पाउन खोजेको प्रयास रोचक छ । त्यसै गरी, एमालेको भ्रष्टाचार भण्डाफोर प्रकरणको र त्यसको "नाइके" घोषित वामदेव गौतमलाई पुन: दल प्रवेश गर्दा उक्त आरोप फिर्ता लिनाले दलहरूले भ्रष्टाचारलाई कति सहज रूपमा स्वीकारेका छन् भन्ने प्रस्टिन्छ । माओवादी नेतृत्वले गरेको लडाकाको नाममा राज्यकोषको दोहन र दुरुपयोग अनि आफ्नै युवा कार्यकर्ताको शोषणको विवरण पनि पुस्तकमा उल्लेख छ । त्यसलाई न्यायिक छिद्रको सहारामा बाबुराम भट्टराईले गरेको प्रधानमन्त्री पदको दुरुपयोगको पनि उदाहरण दिइएको छ ।

न्यायिक प्रणाली समेत भ्रष्टाचारबाट अलग हुन सकेको छैन भन्ने उदाहरण पनि लेखकले विस्तृत रूपमा प्रस्तुत गरेका छन् । चाहे त्यो घुस खाँदा रंगेहात समातिएका न्यायाधीश प्रकरण होस् अथवा प्रधान न्यायाधीश जस्तो उच्च ओहोदामा आसिन व्यक्तिले राष्ट्रियकरण भएको सम्पत्ति पूर्व राजाको छोरीलाई सुम्पने निर्णय नै किन नहोस् । न्यायाधीशको सम्पत्ति जाँच सिफारिसलाई तुहाइएको विषयमा पनि सविस्तार वर्णन गरिएको छ । न्यायिक क्षेत्रमा विसंगति मौलाउनुको कारण अदालतका निर्णयलाई प्रश्न गर्ने र न्यायाधीशलाई गलत निर्णय गर्न छुट दिनु हो भन्ने निष्कर्ष लेखकको छ । यस सम्बन्धी अख्तियारद्वारा नै प्रमाणित थुप्रै भ्रष्टाचार सम्बन्धी मुद्दामा न्यायाधीशले अख्तियारको प्राविधिक त्रुटि औँल्याएर भ्रष्टाचारीलाई मुक्ति दिएका उदाहरण छन् । भ्रष्टाचार आरोपित व्यक्तिहरू अख्तियारको प्रमुख पदमा चयन गरिनु कै कारणले यो संस्था निरीह बन्न पुगेको निष्कर्ष लेखकको छ । अख्तियारमा लगातार मुद्दा खेपेका व्यक्ति नै भ्रष्टाचार निवारणका निम्ति संवैधानिक

अंग अख्तियार प्रमुख जस्तो पदमा नियुक्त हुनुभन्दा ठूलो विडम्बना अरू के हुन सक्छ ? कर्मचारी प्रशासनमा व्याप्त भ्रष्टाचारले कसरी राजनीतिक नेतृत्वलाई समेत भ्रष्ट तुल्याएको छ र न्यायिक प्रणाली समेत यो मुलुकमा पटक-पटक विवादको घेरामा आउने गरेको छ, त्यस विषयमा पनि लेखकले प्रस्ट पारेका छन् ।

समष्टिगत रूपमा पुस्तकको सबल पक्ष भनेको पूर्वाग्रह बिना निडर भएर लेख्नु हो । विगतका घटनामा देखापरेका विसंगति र विकृतिलाई पस्केर देशमा कसरी भ्रष्टाचार नियन्त्रण गर्ने अभिभारा पाएका संस्था स्वयं नै भ्रष्ट भए; त्यसबाट भ्रष्टाचारीले देशमा कसरी रजगज गर्दैछन् भन्ने देखाउन लेखकले पर्याप्त प्रमाण जुटाएका छन् । यद्यपि, लेखकले निष्कर्षका रूपमा उल्लेख गरेका आफ्ना दाबीलाई पुष्टि गर्ने सन्दर्भमा प्रस्तुत गरेका कतिपय घटनाक्रम तथा विषयवस्तुको लम्बेतान वर्णन र अति सूक्ष्म प्रस्तुति पाठकका निम्ति पट्ट्यारलाग्दो हुन सक्छ । उदाहरणका लागि लेखकले न्यायिक र प्राविधिक किसिमका विषयवस्तुलाई अति सूक्ष्म तहको व्याख्या गरेका छन् । घटना र पात्रहरूको पृष्ठभूमिलाई केलाएर गरेका कतिपय विवरणहरू स्वयं नै छुट्टाछुट्टै पुस्तक बन्ने खालका छन् । यसलाई पुस्तकको दुर्वल पक्षका रूपमा लिन सकिन्छ । सम्बन्धित विषयमा अध्ययन-अनुसन्धान गरिरहेकालाई त्यस्ता सामग्री उपयोगी भए पनि साधारण पाठकले झर्को मान्न सक्छन् ।

भाषिक हिसाबले पुस्तक सरल र बोधगम्य छ । जटिल कानूनी तथा प्राविधिक विषय पनि पठनीय छन् । तर, कतैकतै संरचनात्मक कमजोरीका कारण पुस्तक पढ्दा पाठक अल्मलिने सम्भावना छ । कतिपय विषयवस्तुलाई सम्बन्धित शीर्षक अन्तर्गत नराखेकोले त्यस्तो हुन गएको हो । उदाहरणका निमित्त, दरबारले, राजनीतिक दलहरूले वा अदालतले गरेको ज्यादती सबैलाई दरबार, राजनीतिक दल वा अदालत अन्तर्गतको शीर्षकमा राखेको भए पाठक अल्मलिनु पर्दैनथ्यो । त्यसैले, पुस्तक पढिरहँदा १०० किलोमिटर प्रतिघण्टाको गतिमा दगुरिरहेको गाडी एकाएक शून्यमा झरेको आभास हुन्छ ।

समग्रमा सुशासनका विषयमा ज्ञान हासिल गर्न इच्छुक सामान्य पाठक तथा त्यस्ता विषय केन्द्रित अनुसन्धानकर्ताका निम्ति पुस्तक स्रोत-सामग्री बन्नपुगेको छ । साथै, पुस्तकमा समावेश प्रकरण र लेखकका निष्कर्षले भ्रष्टाचारले देशलाई भीरतर्फ डोऱ्याउँदैछ भन्ने नागरिक समाजका सदस्यहरूको आवाजलाई थप बल पुऱ्याएको छ । पुस्तक पढिसकेपछि यसले सबैको मनमा हाम्रो देश कुनै काल खण्डमा गएर भ्रष्टाचारमुक्त राष्ट्र बन्न सम्भव छ त भन्ने संशययुक्त प्रश्न उब्जाइदिन्छ ।

**विनोद सिजापति**
थैव, ललितपुर